# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल


विषयः– कर्मचारी तह वृद्धि सम्बन्धि सूचना।

सूचना प्रकाशित मितिः- २०८३।०२।२६

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका वा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई यस कार्यालय वा यस अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५), दफा ८ को उपदफा (१३), (१६) र (१७), तथा दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेका उम्मेदवारहरुले देहाय बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तह वृद्धि, स्वतः बढुवा र तह मिलानका निम्ति रितपूर्वक यस कार्यालयमा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

निवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरु

(क) सेवा अवधि पुष्टि गर्ने स्थायी नियुक्ति पत्र र सो पदमा शुरु बहाली भएको पत्रको प्रतिलिपी

(ख) बढुवा/तहवृद्धि भएको भए सो पत्रको प्रतिलिपी

(ग) स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपी

(घ) विभागीय सजाय नपाएको निलम्वनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र

(ङ) पेशा सम्वन्धी व्यवसायी परिषदले उपलव्ध गराइएको नविकरण सहितको प्रमाण पत्रको प्रतिलिपी (सम्वन्धित पेशाको हकमा मात्र)

(च) पछिल्लो तीन वर्षमा कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम र ठेगाना

(छ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ज) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) वमोजिम तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि खुलेको प्रमाण पत्रको प्रतिलिपी

(झ) ऐनको दफा २७ को उपदफा ४ वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

नोटः निवेदन पेश गर्न चाहने कर्मचारीहरुले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र सो ऐनको दफा २, ४, ८, २७, ३१, दफा ५६ को उपदफा (३) को स्पष्टीकरण खण्ड, दफा ५७ को उपदफा (१) को स्पष्टीकरण खण्डमा भएका प्रावधानहरु अध्ययन मनन् गरी निवेदन पेश गर्न हुन समेत सूचित गरिन्छ ।थप जानकारीको लागि यस कार्यालयको कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

रोहिणी आचार्य

प्रमुख प्रशासकीय अधिकृत